विभागीय मन्त्रीस्तरबाट स्वीकृत मिति:
२०७३।५।२२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# कृषि स्नातक परिचालन कार्यविधि, २०७९

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायबाट प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि सम्बन्धी कार्यक्रमहरुको संचलनमा प्राविधिक सहयोग, पृष्ठपोषण र आवश्यक समन्वयका लागि कृषि स्नातक उत्तीर्ण गरेका प्राविधिकलाई सेवा करारमा खटाउने सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकार विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "कृषि स्नातक परिचालन कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "निर्देशक समिति" भन्नाले दफा १८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(ख) "पछिल्लो शैक्षिक सत्र" भन्नाले विश्वविद्यालय र अध्ययन संस्थान वा आङ्गिक क्याम्पसबाट २०७९ असार मसान्तसम्म सम्पन्न भएका शैक्षिक सत्रहरु मध्येका अन्तिम शैक्षिक सत्रलाई सम्झनुपर्छ । साथै सो शब्दले चालु आर्थिक बर्षका लागि २०७९ असार मसान्तसम्म पछिल्लो पास आउट भएका विद्यार्थीहरुबाट कृषि स्नातक भर्नाका लागि विद्यार्थी संख्या नपुग भएमा चालु आर्थिक वर्ष भित्रमा पास आउट हुने पहिलो ब्याजलाई समेत सम्झनु पर्दछ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(घ) "विभाग" भन्नाले संघीय मन्त्रालय अन्तर्गतको कृषि विभागलाई सम्झनु पर्दछ।

(ङ) "विश्वविद्यालय" भन्नाले कृषि विषयको स्नातक तह वा सो भन्दा माथिको तह अध्यापन गराउने विश्वविध्यालयलाई सम्झनु पर्दछ।

(च) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालयलाई सम्झनु पर्दछ।

(छ) "सम्बन्धित कार्यालय" भन्नाले प्रदेश मन्त्रालयको जिल्लास्थित कृषि हेर्ने कार्यालय र कृषि विभाग मातहतका फार्म केन्द्रलाई सम्झनु पर्दछ ।

(ज) "सुपरिवेक्षक" भन्नाले सम्बन्धित कार्यालयका प्रमुखलाई सम्झनु पर्दछ।

(झ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ।

(ञ) "स्नातक प्राविधिक" भन्नाले कृषि हेर्ने संघीय मन्त्रालय/ विभाग र विश्वविद्यालय बीच भएको Memorandum of Understanding (MoU) बमोजिम शैक्षिक योग्यताक्रमका (Acadamic Merit List) आधारमा सिफारिस भई कृषि विभागसँग सेवा करार सम्झौता भएका कृषि विषयमा स्नातक उतीर्ण प्राविधिक जनशक्ति सम्झनु पर्दछ।

(ट) "स्नातक विद्यार्थी" भन्नाले विश्वविद्यालय र अन्तर्गतका अध्ययन संस्थान वा आङ्गिक क्याम्पसबाट कृषि विषयमा स्नातक तह उर्त्तीण भएका विधार्थीलाई सम्झनु पर्दछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

(ठ) "हस्तान्तरित कार्यक्रम" भन्नाले संघबाट प्रदेश मन्त्रालय र स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत गएका कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य, विशेषता एवं उपलब्धिहरु

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य कृषि विकासको लागि हस्तान्तरित कार्यक्रम लगायत प्रदेश तथा स्थानीय तहमा संचालन हुने कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा समन्वय, सहजीकरण, प्रतिवेदन एवं पृष्ठपोषणका लागि स्नातक प्राविधिकको परिचालन एवं व्यवस्थापन गर्नु रहेको छ। यसबाट संघ, प्रदेश र स्थानीय तह बीच प्राविधिक सम्बन्ध स्थापित गर्नुको साथै कृषि प्रसार र विश्वविध्यालय बीचको अन्तर सम्बन्ध विस्तार गर्नमा समेत मद्दत पुग्नेछ।

४. **कार्यक्रमको विशेषताहरुः** स्नातक प्राविधिक परिचालन कार्यक्रमका विशेषताहरु देहाय बमोजिम रहेका छन्।

(क) पछिल्लो शैक्षिक सत्रमा उतिर्ण भएका स्नातक विद्यार्थीलाई सालबसाली सेवा करारमा परिचालन गर्न संघीय मन्त्रालय/कृषि विभाग र विश्वविद्यालयहरु बीच Memmorandum of Understanding (MoU) हुनेछ ।

(ख) विश्वविद्यालयले Memmorandum of Understanding (MoU) बमोजिम स्नातक विद्यार्थीलाई शैक्षिक योग्यताक्रमको आधारमा (Academic merit) सेवा करारमा परिचालन गर्न कृषि विभागलाई सिफारिस गर्नेछ।

(ग) कृषि विभागले विश्वविद्यालयको सिफारिसको आधारमा बढीमा एक बर्षका लागि स्नातक विद्यार्थीसँग सेवा करार सम्झौता गर्नेछ ।

(घ) प्रदेश र स्थानीय तहमा हस्तान्तरित कार्यक्रमहरुको संचालनमा सहयोग पुऱ्याउन प्रदेश मन्त्रालयको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र कृषि विभाग मातहतका फार्मकेन्द्रमा स्नातक प्राविधिकलाई परिचालन गरिनेछ ।

५. **अपेक्षित उपलब्धिहरुः** यस कार्यक्रमको सञ्चालनबाट देहाय बमोजिमका उपलब्धी हासिल हुनेछन्:-

(क) प्रदेश मन्त्रालय र स्थानीय तहमा हस्तान्तरित कार्यक्रमको सञ्चालनमा प्राविधिक सहयोग तथ पृष्ठपोषण प्राप्त गर्न सहज भई प्रभावकारी कार्यान्वयनमा टेवा पुग्ने ।

(ख) प्रदेश मन्त्रालय र स्थानीय तहमा हस्तान्तरित कार्यक्रमहरुको नियमित प्रतिवेदन प्राप्त हुने ।

(ग) कृषि विकासका कार्यक्रम थप प्रभावकारी रुपमा संचालन गर्न संघ प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वयमा अभिवृद्धि हुने।

## परिच्छेद- ३

## स्नातक प्राविधिक छनौट सम्बन्धी व्यवस्था

६. **सम्झौता (MoU) गर्नेः** (१) दफा १८ बमोजिमको निर्देशक समितिको निर्णय बमोजिम स्नातक प्राविधिकलाई सालवसाली रुपमा परिचालन गर्न अनुसूची-१ बमोजिम विभाग र विश्वविद्यालय बीच MoU हुनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको MoU अनुसार सेवा करारमा परिचालन गरिने स्नातक प्राविधिक जनशक्तिको सङ्ख्या निर्धारण र तिनीहरुलाई खटाईने स्थानको एकिन निर्देशक समितिको निर्णय तथा मार्गनिर्देशन अनुसार विभागले गर्नेछ ।

७. **पत्राचार गर्ने:** (१) विभागले MoU बमोजिम स्नातक प्राविधिक सेवा करारमा खटाउने प्रयोजनको लागि स्नातक विद्यार्थीको संख्या तोकी व्यवस्थापनका लागि विश्वविद्यालयसँग समन्वय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयले पछिल्लो शैक्षिक सत्रमा उत्तिर्ण स्नातक विद्यार्थीहरुको नामावली शैक्षिक योग्यताक्रमको आधारमा प्राथमिकताक्रम निर्धारण गरी तोकिएको संख्या भन्दा ५० प्रतिशत बढी संख्यामा निर्धारित समय भित्र सिफारिसको साथ विभागमा पठाउनु पर्नेछ। सो को जानकारी सार्वजनिक सूचना तथा ईमेल मार्फत सम्बन्धित विद्यार्थीलाई समेत दिनुपर्नेछ।

(३) उपदफा २ बमोजिम विश्वविद्यालयले स्नातक विद्यार्थीको शैक्षिक योग्यताक्रम सिफारिस गरी पठाउँदा विश्वविद्यालयले आफू र अन्तर्गतका आङ्गिक क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट मात्र पठाउनु पर्नेछ।

८. **करार सम्झौता गर्ने:** (१) स्नातक प्राविधिक जनशक्ति सेवा करारमा खटाउने प्रयोजनको लागि विश्वविद्यालय बाट सिफारिस भएका स्नातक विद्यार्थीहरुलाई विभागले १५ दिनको म्याद राखी विभागमा संम्पर्क गर्नको लागि सार्वजनिक सूचना आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको तोकिएको म्याद भित्र ईच्छुक स्नातक विद्यार्थीले शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विभागमा निवेदन पेश गरेका स्नातक विद्यार्थीसँग अनुसुची-२ बमोजिम करार सम्झौता गरिनेछ।

(४) विद्यार्थीले पेश गरेको शैक्षिक प्रमाणपत्र तथा निवेदन लगायतका कागजातहरुको व्यक्तिगत फाइलको रेकर्ड विभागमा राखिनेछ।

(५) उपदफा (१) बमोजिमको अवधि भित्र सम्पर्कमा नआएका स्नातक विद्यार्थीहरुसँग करार सम्झौता गरिने छैन।

(६) उपदफा (५) बमोजिमको अवस्थामा शैक्षिक योग्यताक्रमको आधारमा प्राथमिकता क्रममा रहेका क्रमश: अन्य स्नातक विद्यार्थीसँग करार सम्झौता गरिनेछ ।

(६) करार सम्झौता अनुसार कार्य गरिरहेका स्नातकहरुको पद रिक्त भएमा शैक्षिक योग्यताक्रमको आधारमा प्राथमिकता क्रममा रहेका अन्य विद्यार्थीहरुलाई सोही आर्थिक बर्ष भित्र क्रमश: करार सम्झौता गरिनेछ। यसो गर्दा जुन विश्वविद्यालयको कोटामा परेको पद रिक्त भएको हो सो पदमा सम्भव भएसम्म सोही विश्वविद्यालयको स्नातक विद्यार्थीलाई प्राथमिकता दिईनेछ ।

९. **स्नातक प्राविधिकको कार्यक्षेत्र:** (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका स्नातक प्राविधिकले सम्झौता बमोजिम विभाग मातहतका फार्म केन्द्र तथा प्रदेश मन्त्रालयको जिल्ला स्थित कृषि हेर्ने कार्यालयमा सेवा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका निकायहरुमा विभागद्धारा विश्वविद्यालयको सिफारिस बमोजिमको शैक्षिक योग्यताक्रमका आधारमा स्नातक प्राविधिकहरुलाई कार्यक्षेत्रमा खटाइनेछ ।

१०. **अभिमुखीकरण गर्नुपर्ने:** दफा ८ बमोजिम सेवा करार गरिएका स्नातक प्राविधिकहरुलाई कार्यस्थलमा खटाउनु अघि विभागले अभिमुखीकरण गर्नेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

११. **विवरण पठाउनु पर्ने:** (१) विभागसँग करार सम्झौता सहित कार्यस्थलमा खटिएका स्नातक प्राविधिकलाई सम्बन्धित कार्यालयले हाजिरी गराई सोको जानकारी विभाग र सम्बन्धित विश्वविद्यालयमा पठाउनु पर्नेछ ।

(२) सम्बन्धित कार्यालयले स्नातक प्राविधिकको कार्य विवरण अनुसार मासिक कार्य तालिका बनाउन लगाइ परिचालनगर्नु पर्नेछ र निजको अघिल्लो महिनाको मासिक हाजिरी विवरण प्रमाणित गरी विभागमा प्रत्येक महिनाको ७ गते भित्र पठाउनु पर्नेछ।

## परिच्छेद-४

## स्नातक प्राविधिकको पारिश्रमिक र दैनिक कार्य सम्पादन व्यवस्था

१२. **पारिश्रमिक सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम सेवा करार गरिएको स्नातक प्राविधिकलाई निजामती सेवाको राजपत्राकिंत तृतीय श्रेणीले पाउने शुरु तलब स्केल बराबरको मासिक पारिश्रमिक प्रदान गरिने छ।

(२) सुपरिवेक्षकबाट हाजिरी प्रमाणिकरणको आधारमा विभागबाट मासिक पारिश्रमिक रकम निजको वैंक खातामा भुक्तानी गरिनेछ।

(३) चालु आर्थिक बर्षमा भर्ना हुने नयाँ स्नातक प्राविधिकहरुसँग करार सम्झौता नभए सम्मका लागि म्याद थप भएका हाल कार्यरत स्नातक प्रविधिकलाई यो कार्यविधिमा व्यवस्था भए अनुसार चालु आर्थिक बर्ष २०७९/८० को श्रावणबाट नयाँ तलव स्केल अनुसार तलवभत्ता लगायत कार्यविधिमा उल्लेखित सुविधा उपलब्ध गराईनेछ ।

(४) अन्य सेवा सुविधा अनुसूची-२ बमोजिमको करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

१३. **बजेटको व्यवस्था:** (१) वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको सीमा भित्र रही विभागले सेवा करारमा स्नातक प्राविधिकलाई परिचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा स्नातक प्रविधिकलाई परिचालन गर्न विभागले प्रत्येक वर्ष बजेट तथा कार्यक्रम प्रस्ताव गर्नेछ।

(३) सेवा करारमा स्नातकलाई परिचालन गर्ने सम्बन्धी व्यबस्था सालबसाली बजेटमा ब्यवस्था भएमा आउदो आर्थिक बर्षका लागि नयाँ कृषि स्नातकहरु नआएसम्म विभागले गत आर्थिक बर्षमा भर्ना भएका कृषि स्नातकहरुको सेवालाई निरन्तरता दिन करार सम्झौताको म्याद थप गर्न सक्नेछ।

१४. **दैनिक कार्य सम्पादन र जवाफदेहिता सम्बन्धी व्यबस्था:** (१) स्नातक प्राविधिकको लागि विभागले अनुसूची-३ बमोजिमको कार्यगत सेवा शर्त (Terms of Reference) अनुसार काम, कर्तब्य र जिम्मेवारी तोकी सम्बन्धित कार्यालयमा कामकाज गर्न खटाउने छ।

(२) सेवा करारमा खटिइने स्नातक प्राविधिक विभाग र सम्बन्धित कार्यालय प्रति जवाफदेही हुनुपर्नेछ ।

(३) सम्बन्धित कार्यालय प्रमुखले स्नातक प्राविधिकको सुपरिवेक्षकको रुपमा रही निजको कार्य सम्पादन मूल्याँकन गर्नेछ।

(४) नयाँ भर्ना भई आउने कृषि स्नातकलाई सेवाबाट बाहिरिने पुराना कृषि स्नातकले बरबुझारत र अनुभव आदान प्रदान गर्नु पर्नेछ ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१५. **कार्य अनुभव र प्रशंसा-पत्र सम्बन्धी व्यवस्था:** (१) सेवा अवधिको कार्य अनुभव पत्र (Letter of Experience) सम्बन्धित सुपरिवेक्षकको सिफारिसमा विभागले उपलब्ध गराउनेछ ।

## परिच्छेद-५

## कार्य सम्पादन र सेवा करार अवधि सम्बन्धी व्यवस्था

१६. **कार्य विवरण तथा कार्य सम्पादन:** यस कार्यविधि बमोजिम खटिएका स्नातक प्राविधिकले आफूले गरेको मासिक कामको प्रगति विवरण अनुसूची-४ को ढाँचामा प्रत्येक महिनाको २ गते आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ र सोको प्रतिलिपी विभागमा समेत पठाउनु पर्नेछ ।

१७. **सेवा करार अवधि:** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौताको अवधि बढीमा एक बर्षको हुनेछ ।

(२) हरेक आर्थिक वर्षमा नयाँ शैक्षिक सत्र अन्तर्गत करारमा लिईने स्नातक विद्यार्थी उपलब्ध हुने अवस्था नभएमा उपदफा (१) बमोजिम सेवा करार सम्झौताको म्याद थप गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६

## संस्थागत व्यवस्था

१८. **निर्देशक समितिको गठन:** (१) नीतिगत वातावरण तयार गरी कृषि स्नातक प्राविधिक जनशक्ति सेवा करारमा खटाईने कार्यक्रम प्रभावकारी बनाउन देहाय बमोजिमको निर्देशक समितिको गठन हुनेछ ।

| | |
|---|---|
| (क) सचिव, कृषि हेर्ने संघीय मन्त्रालय | - अध्यक्ष |
| (ख) डीन, कृषि संकाय, कृषि तथा वन विज्ञान अध्ययन संस्थान | - सदस्य |
| (ग) डीन, कृषि संकाय, कृषि तथा पशुपक्षी विज्ञान अध्ययन संस्थान | - सदस्य |
| (घ) सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि हेर्ने संघीय मन्त्रालय | - सदस्य |
| (ङ) सह-सचिव, प्रशासन महाशाखा, कृषि हेर्ने संघीय मन्त्राय | - सदस्य |
| (च) सचिव, प्रदेश मन्त्रालय (कम्तिमा १ जना) | -सदस्य |
| (छ) सह-सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (स्थानीय विकास हेर्ने) | - सदस्य |
| (ज) महानिर्देशक, कृषि विभाग | -सदस्य-सचिव |

(२) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी सात वटै प्रदेश मन्त्रालयका कृषि हेर्ने मन्त्रालयका सचिव, अन्य विश्वविध्यालयका डिनहरु, कृषि विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउन सक्नेछ।

(४) समितिका पदाधिकारीहरु तथा आमन्त्रित सदस्यले नेपाल सरकारको प्रचलित नियमानुसार पाउने भ्रमण भत्ता, बैठक भत्ता तथा खाजा भत्ता लगायतका सुविधा पाउने छन् ।

१९. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** निर्देशक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) यस कार्यविधि अनुसार कार्यक्रमको कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) विश्वविद्यालयको पासआउट अनुपातमा सेवा करार गरिने कृषि स्नातकको संख्या निर्धारण गर्ने,

(ग) प्रदेश मन्त्रालय र स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि कार्यक्रमहरुको आवधिक समीक्षा गर्ने तथा अनुगमन तथा मूल्याङकन गर्ने गराउने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने नीतिगत समस्याहरुको सम्वोधन गर्ने,

(ङ) यस कार्यविधि अनुसार आवश्यक निर्णय एवं निर्देशन गर्ने ।

## परिच्छेद-७
## निकायगत भूमिका तथा दायित्व

२०. **संघीय मन्त्रालय/विभागको भूमिका :** यस कार्यविधि बमोजिम संघीय मन्त्रालयको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ ।

(क) परिचालन गरिने स्नातक प्राविधिकहरुको संख्या प्रस्ताव गर्ने,

(ख) विश्वविद्यालय/अध्ययन संस्थान तथा प्रदेश मन्त्रालयसँग सम्झौता (MoU ) गर्ने/गराउने,

(ग) स्नातक प्राविधिकसंग सम्झौता गर्ने गराउने,

(घ) स्नातक प्राविधिकबाट सम्पादन गरिने कार्यहरुको अनुगमन,मुल्याङ्कन गर्ने/गराउने,

(ङ) हस्तान्तरित कार्यक्रमको त्रैमासिक एवं बार्षिक समीक्षा गरी प्रभावकारी कार्यान्वयनको लागि सहजीकरण, पृष्ठपोषण तथा समन्वय गर्ने,

(च) कार्यविधि अनुसार कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गर्ने गराउने,

(छ) विभागले निर्देशक समितिको सचिवालयको रुपमा रही निर्णय कार्यान्वयन गर्ने गराउने,

(ज) कृषि स्नातकलाई खटाईने जिल्ला र कार्यालयको निर्धारण गर्ने,

(झ) कार्यविधि अनुसार अन्य आवश्यक कार्यहरु गर्ने गराउने।

२१. **प्रदेश मन्त्रालय/जिल्ला स्थित कार्यालयको भूमिका तथा दायित्व :** यस कार्यविधि बमोजिम प्रदेश मन्त्रालय/जिल्ला स्थित कार्यालयको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ ।

(क) सेवा करारमा खटिइने स्नातक प्राविधिकलाई परिचालन गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिने,

(ख) सेवा करारमा खटिइने स्नातक प्राविधिकको लागि कार्यकक्ष तथा कार्यसम्पादन गर्न आवश्यक पर्ने कार्यालय सामग्री उपलब्ध गराउने,

(ग) अन्तर्गतका जिल्ला स्थित कार्यालयका प्रमुखलाई खटिइ जाने स्नातक प्राविधिकको लागि सुपरिवेक्षक तोक्ने र कार्यालय प्रमुखले सेवा करारमा स्नातक प्राविधिकको सुपरिवेक्षक भई कार्य गर्ने,

(घ) स्नातक प्राविधिकलाई अनुसूची-३ बमोजिमको कार्यशर्त अनुसार परिचालन गर्ने गराउने,

(ङ) आफू अन्तर्गत कार्यरत स्नातक प्राविधिकको मासिक कार्ययोजना, मासिक प्रगति प्रतिवेदन र हाजिरी प्रमाणिकरण गर्ने ।

(च) स्थानीय तहमा कार्यरत कृषि स्नातक प्राविधिक कर्मचारीबाट कार्यविधि अनुसार नियमित प्रगति प्राप्त गरी तोकिएको ढाँचामा कृषि विभाग तथा प्रदेश मन्त्रालयमा पठाउने ।

(छ) कार्यविधि अनुसार अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२२. **विश्वविद्यालयको भूमिका तथा दायित्व** :यस कार्यविधि बमोजिम विश्वविद्यालयको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ ।

(क) विश्वविद्यालय/अध्ययन संस्थानहरु र आङ्गिक क्याम्पसबाट पछिल्लो शैक्षिक सत्रमा उर्त्तीण कृषि स्नातक विद्यार्थीहरुको शैक्षिक योग्यता क्रम (Academic merit) अनुसारको सूची तयार गर्ने,

(ख) सम्झौता (MoU) बमोजिमका शर्तहरु पालन गर्ने/गराउने,

(ग) यस कार्यविधि अनुसारको कार्यक्रमको लागि सम्पर्क व्यक्ति तोक्ने,

(घ) सेवा करारमा खटिइने कृषि स्नातक प्राविधिक प्राविधिक जनशक्तिले सम्पादन गर्ने सेवा एवं अपेक्षित प्रतिफलहरुको अनुगमन, मुल्याङ्कन र प्रभाव अध्ययन गर्ने /गराउने,

(ङ) कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्न संस्थाबाट भूमिका खेल्ने,

(च) कार्यविधि अनुसार अन्य आवश्यक कार्यहरु गर्ने तथा गराउने।

२३. **फार्म केन्द्रको भूमिका र दायित्व** :यस कार्यविधि बमोजिम फार्म केन्द्रको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ ।

(क) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने,

(ख) फार्म केन्द्रको भवनमा सेवा करारमा खटिइने प्राविधिक अधिकृतको लागि कार्यकक्ष तथा कार्यसम्पादन गर्न आवश्यक पर्ने कार्यालय सामग्री उपलब्ध गराउने,

(ग) फार्म केन्द्रको प्रमुखले सेवा करारमा खटिइने प्राविधिक अधिकृतको सुपरिवेक्षक भई कार्य गर्ने,

(घ) स्नातक प्राविधिकलाई कार्यशर्त (ToR) बमोजिमको कार्यमा परिचालन गर्ने,

(ङ) प्राविधिक स्नातकको सहयोग लिई हस्तान्तरित कार्यक्रमहरुको प्रगति प्रतिवेदन नियमित रुपमा पठाउने,

(च) कार्यविधि अनुसार अन्य आवश्यक कार्यहरु गर्ने गराउने।

२४. **स्थानीय तहको भूमिका तथा दायित्व**: यस कार्यविधि बमोजिम स्थानीय तहको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछ ।

क) हस्तान्तरित कार्यक्रम र अन्य कृषि कार्यक्रमहरुको सञ्चालनमा सम्वन्धित कार्यालयमा खटिएको स्नातक प्राविधिकको सहयोग लिने ।

ख) हस्तान्तरित कार्यक्रमहरुको त्रैमासिक एवं बार्षिक प्रगति प्रतिवेदन नियमितरुपमा तयारी गर्न र विभागमा पठाउन स्नातक प्राविधिकको सहयोग लिने ।

ग) हरेक आर्थिक बर्षमा आगामी बजेट कार्यक्रम तर्जुमाको लागि स्नातक प्राविधिकबाट सहयोग लिने र चालु आर्थिक बर्षको फागुन १५ गते भित्र आगामी आर्थिक बर्षको लागि कार्यक्रम प्रस्ताव गर्ने।

## परिच्छेद-९

## विविध

२५. **गुनासो व्यवस्थापन**: (१) सेवा करारमा खटिइने स्नातक प्राविधिकसँग कार्यसम्पादन तथा आचरण सम्बन्धी कुनै किसिमको गुनासो भएमा सुपरिवेक्षकले विभागको महानिर्देशकलाई मौखिक वा लिखित जानकारी गराउन सक्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) सेवा करारमा खटिइने स्नातक प्राविधिकले खटिएको निकायसँग कुनै किसिमको गुनासो भएमा विभागमा मौखिक वा लिखित रुपमा जानकारी गराउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको गुनासो उपर विभागका महानिर्देशकबाट आवश्यक सुनुवाई हुनेछ ।

२६. **प्रचलित कानून लागु हुने:** यस कार्यविधिमा व्यवस्था भएका बिषयका सम्बन्धमा सोही बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **बाधा अड्काउ फुकाउने:**(१) यस कार्यविधि अनुसार स्नातक प्राविधिक परिचालन सम्वन्धमा निर्देशक समितिको निर्णय अन्तिम हुनेछ ।

(२) यस कार्यविधिको संशोधन एवं खारेजी संघीय मन्त्रालयले गर्न सक्नेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची-१

(परिच्छेद ३ को दफा ६ (१) सँग सम्बन्धित)

समझदारी पत्र (Memorandum of Understanding) को ढाँचा

कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग (यस पछि प्रथम पक्ष भनिने) र ................ विश्वविद्यालय (यस पछि दोस्रो पक्ष भनिने) बीच स्नातक प्राविधिकहरुलाई खटाउनको लागि देहाय बमोजिमका भूमिका र शर्तहरु पालना गर्ने गरी मिति...............मा यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

क) प्रथम पक्ष

१. स्नातक प्राविधिक सेवा करारमा खटाउने प्रयोजनको लागि स्नातक विद्यार्थीहरुको संख्या तोकी व्यवस्थापनका लागि विश्वविद्यालयसँग समन्वय गर्ने।

२. स्नातक प्राविधिक जनशक्ति सेवा करारमा खटाउने प्रयोजनको लागि विश्वविद्यालयबाट सिफारिश गरिएका स्नातक विद्यार्थीहरुलाई १५ दिनको म्याद राखी सम्पर्क गर्नको लागि सार्वजनिक सूचना आव्हान गर्ने।

३. निवेदन पेश गरेका स्नातक विद्यार्थीसँग अनुसूची-२ बमोजिम करार सम्झौता गर्ने।

४. सम्झौता बमोजिम प्रदेश मन्त्रालयको जिल्लास्थित कृषि हेर्ने कार्यालय र विभाग मातहतका फार्म/ केन्द्रमा सेवा गर्न स्नातक प्राविधिकहरुलाई खटाउने।

५. सेवा करार गरिएका स्नातक प्राविधिकहरुलाई कार्यस्थलमा खटाउनु अघि विभागले अभिमुखीकरण तालिम गर्ने।

६. कार्यविधिमा उल्लेख भए अनुसार स्नातक प्राविधिकहरुलाई मासिल तलब दिने।

७. स्नातक प्राविधिकहरुको कामको अनुगमन गरी कार्य सम्पादन मुल्याङ्कन गर्ने।

८. "कृषि स्नातक परिचालन कार्यविधि, २०७९" अनुसार अन्य आवश्यक कार्य गर्ने ।

ख) दोस्रो पक्ष

१. पछिल्लो शैक्षिक सत्रमा उत्तीर्ण स्नातक विद्यार्थीहरुको नामावली शैक्षिक योग्यताक्रमको आधारमा प्राथमिकताक्रम निर्धारण गर्ने।

२. बुँदा १ अनुसार प्राथमिकताक्रम निर्धारण गरिएका ........ कृषि स्नातक विद्यार्थीहरुको सूची मिति .............. भित्र सिफारिश साथ विभागमा पठाउने र सोको जानकारी सार्वजनिक सूचना र ईमेलमार्फत सम्बन्धित विद्यार्थीलाई दिने।

३. कृषि स्नातक विद्यार्थीहरुको शैक्षिक योग्यताक्रम सूचि सिफारिश गरी पठाउँदा आँफू र अन्तर्गतका आङ्गिक क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट मात्र पठाउने।

४. स्नातक प्राविधिकहरुको कामको अनुगमन तथा समिक्षा गर्ने।

५. यस MoU बमोजिमको कार्यक्रमको लागि फोकल व्यक्ति तोकी सम्पर्क नम्बर र ईमेल सहित विभागमा पठाउने।

६. "कृषि स्नातक परिचालन कार्यविधि, २०७९" अनुसार अन्य आवश्यक कार्य गर्ने ।

ग) विविध

१. यो समझदारी पत्र प्रथम पक्ष र दोस्रो पक्षबाट हस्ताक्षर भएको मिति देखि लागू हुनेछ। कृषि स्नातक प्राविधिक परिचालन गर्ने कार्य "कृषि स्नातक परिचालन कार्यविधि, २०७९" बमोजिमको अविधिसम्म लागू हुनेछ।

२. विभाग अन्तर्गत खटिने कृषि स्नातक प्राविधिकको कार्यस्थलको बाँडफाँड समितिको मार्गनिर्देशन बमोजिम विभागले तोके बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| ........................................ | .......................... |
| (नाम) | (नाम) |
| पद | पद |
| संस्था | संस्था |

साक्षी

श्री...............................................

श्री..........................................................................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. गोविन्द प्रसाद शर्मा
सचिव

अनुसुची -२

(दफा १२ (४) सँग सम्बन्धित)

**नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, हरिहरभवन र श्री.................................................बीच भएको करारनामा (Contract of Agreement)**

कृषि स्नातक प्राविधिक जनशक्ति सेवा करारमा परिचालन गर्ने सम्बन्धमा कृषि विभाग, हरिहरभवन (यस पछि प्रथम पक्ष भनिएको) र श्री.......................................(यस पछि दोश्रो पक्ष भनिएको) का बीच स्नातक प्राविधिकको रुपमा कार्य गर्नको लागि देहायका शर्तको अधिनमा रहने गरी दोश्रो पक्षले प्रथम पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक/ एक प्रति एक आपसमा वुझि लियौं/ दियौं ।

**सेवा शर्तहरु**

१. यो करारनामाको अवधि मिति ..........................देखि .............. सम्म मात्र हुनेछ।

२. दोस्रो पक्षले करार अवधिमा अनुसुचि ३ बमोजिमको काम, कर्तब्य र जिम्मेवारी पूरा गर्नु पर्नेछ।

३. दोस्रो पक्षले खटिई जाने सम्बन्धित कार्यालयका कार्यालय प्रमुखको सुपरिवेक्षणमा रही कामकाज गर्नुपर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई देहाय बमोजिम पारिश्रमिक र सुविधा उपलब्ध गराउनेछ।

क) पारिश्रमिक र भत्ता

| क.स. | शीर्षक | रकम | कैफियत | |
|---|---|---|---|---|
| १. | मासिक पारिश्रमिक | रु. ४३,६८९।- | | राजपत्राङ्कित तृतीय श्रेणीको न्युनतम तलव स्केल |
| २. | मासिक प्रोत्साहन भत्ता | हिमाल- रु. ५००० ।-<br>पहाड- रु. २०००।-<br>तराई/ काठमाडौं उपत्यका- रु. १०००/- | | |
| ३. | मासिक यातायात खर्च | हिमाल- रु. १५००/-<br>पहाड- रु. १०००<br>तराई/ काठमाडौं उपत्यका- रु. ५००/- | | |
| ४. | मासिक संचार खर्च | रु. ५००/- | | |

ख) सार्वजनिक विदा बाहेक महिनाको १ दिनको दरले बर्षको १२ दिन भैपरी विदा पाउनेछ। यस्तो विदा स्वीकृत गराउनु पर्ने र खटिएको कार्यालयले अभिलेख राख्ने ब्यवस्था गर्नुपर्छ। मासिक हाजिरी प्रमाणित गर्दा विदा लिए नलिएको उल्लेख गर्नुपर्नेछ।

ग) सेवा करारमा रहने कर्मचारीलाई सरकारी काम काजका सिलसिलामा स्पष्ट उद्धेश्य र कारण खुलाई काजमा खटाईएमा काज खटाउने कार्यालयले प्रचलित कानुन अनुसार दैनिक भ्रमण खर्च उपलब्ध गराउन सक्नेछ ।

घ) पारिश्रमिक भुक्तानी मासिक हाजिरी सुपरिबेक्षकबाट प्रमाणिकरण पश्चात कृषि विभागमा प्राप्त भए पश्चात विभागबाट भुक्तानी हुनेछ। अनुपस्थित अवधिको हाजिरी गयलकट्टी मानी सो अवधिको पारिश्रमिक भुक्तानी हुने छैन।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं



डा. गोविन्द प्रसाद शर्मा
सचिव

ङ) करार सेवामा नियुक्ति पाएको कृषि स्नातकले नियुक्ति पाएको मितिले ७ दिन भित्र खटाईएको कार्यालयमा हाजिर हुनु पर्नेछ। निजले पाउने तलब भत्ता लगायतको सुविधा हाजिर भएको मितिबाट पाउनेछ। कार्यालयमा हाजिर भए पश्चात हाजिर भएको जानकारी विभाग तथा सम्बन्धित प्रदेश मन्त्रालयलाई दिनुपर्नेछ ।

च) दोस्रो पक्षलाई सम्बन्धित कार्यालयले परिचय पत्र उपलब्ध गराउनु पर्ने र त्यस्तो परिचय पत्र कार्यालयमा कार्यरत रहेको अवस्थामा अनिवार्य रुपमा लगाउनु पर्नेछ र करार अवधि समाप्त भए पछि कार्यालयमा अनिवार्यरुपमा फिर्ता गर्नुपर्नेछ ।

५. दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उल्लङ्घन गरेमा प्रथम पक्षले सुपरिवेक्षकको सिफारिसमा वा विभागले उचित ठानेमा जुनसुकै वेलामा सेवा करार रद्द गर्न सक्नेछ।

६. दोस्रो पक्षले निजामती ऐन नियम बमोजिमका आचरणहरु पालना गर्नु पर्नेछ । आफू खटिएको कार्यालयको कार्यालय प्रमुख प्रति उत्तरदायी हुनेछ। आँफूलाई तोकिएको कार्य प्रति निष्ठावान रही कार्य सम्पन्न हुनुपर्नेछ ।

७. दोस्रो पक्षले यो करारनामाको शर्त विपरित गैरजिम्मेवारी पूर्वक काम गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हानी नोक्सानी पुर्याएमा प्रथम पक्षले यो करारनामा अन्त्य गरी निजबाट कार्वाही स्वरुप प्रचलित कानून बमोजिम हर्जना असुल उपर गर्न सक्नेछ।

८. माथि जुनसुकै कुरा लेखिएको भएपनि प्रथम पक्षले स्नातक प्राविधिकको पद आवश्यक नदेखेमा दोस्रो पक्षलाई ३० दिनको अग्रीम सूचना दिई यो करारनामा अन्त्य गर्न सक्नेछ र त्यसैगरी दोस्रो पक्षले पनि यो करारनामा अन्त्य गर्न चाहेमा सुपरिवेक्षक मार्फत कृषि विभागलाई ४५ दिनको अग्रीम सूचना दिई अन्त्य गर्न सक्नेछ। यसरी करारनामा अन्त्य गर्दा आँफूसँग रहेका महत्वपूर्ण सरकारी कागजात तथा कुनै सामान बुझेको भए सम्बन्धित कार्यालयलाई फिर्ता दिनु पर्नेछ।

९. यो करारनामा अन्त्य भएपछि दोस्रो पक्ष प्रति प्रथम पक्षको सम्पूर्ण दायित्व समाप्त हुनेछ ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| काम गर्ने व्यक्तिको दस्तखत | कृषि विभागको तर्फबाट |
| ........................................ | ............................ |
| (नाम) | (नाम) |
| ठेगाना: | पद: |
| नागरिकता प्रमाण पत्र नं: | कार्यालयको छाप: |
| औंठाको छाप: | मिति: |
| सम्पर्क नं/ ईमेल: | |
| मिति: | |

साक्षी

१. शाखा प्रमुख, श्री................................ आर्थिक प्रशासन शाखा,कृषि विभाग,हरिहरभवन ।

२. शाखा अधिकृत, श्री..................................प्रशासन शाखा,कृषि विभाग,हरिहरभवन ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १४(१) सँग सम्बन्धित)

**विभागबाट सेवा करारमा खटाईएका स्नातक प्राविधिकको काम, कर्तव्य तथा जिम्मेवारी**

स्नातक प्राविधिकले सम्बन्धित कार्यालयको प्रमुखको प्रत्यक्ष, सुपरिवेक्षण, निर्देशन र नियन्त्रणमा रही कृषि विभागले तोकेको निम्न कार्यहरु सम्पन्न गर्नेछन् :

१. सुपरिवेक्षकको निर्देशन अनुसार प्रदेश र स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास सम्बन्धी गर्नुपर्ने विभिन्न क्रियाकलापहरुको संचालनमा सहजीकरण तथा सहयोग गर्ने।

२. स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

३. स्थानीय तहसँग समन्वय गरी संचालित क्रियाकलापहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु संकलन गरी विश्लेषणात्मक प्रतिवेदन सहित सम्बन्धित निकाय तथा कृषि विभागमा संप्रेषण गर्ने।

४. स्थानीय तहलाई किसान सूचीकरण, कृषि तथ्यांँक अध्यावधिक र स्थानीय तहको कृषि प्रोफाइल तयार गर्ने कार्यमा सहयोग पुर्याइ सम्बन्धित निकायमा संप्रेषण गर्ने।

५. प्रदेश मन्त्रालयको जिल्लस्थित कृषि हेर्ने कार्यालयको कार्यक्षेत्रमा रही निर्देशन अनुसारको कार्य गर्ने।

६. स्थानीय तह लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने।

७. स्थानीय आवश्यकता आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

८. आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

९. कृषि विमा र सहुलियत कृषि कर्जाका लागि सहजिकरण गर्ने।

१०. अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि स्थानीय तहमा प्रचार प्रसार गर्ने।

११. स्थानीय तहको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२. स्थानीय तहमा खटिएका कृषि स्नातक प्राविधिकहरुबाट नियमित प्रतिवेदन प्राप्त गरी तोकिएको वा उचित ढाँचामा प्रदेशस्थित कृषि हेर्ने मन्त्रालय वा निकायमा तथा विभागमा पठाउने ।

१३. कृषि विभाग र मातहतका केन्द्र, फार्म तथा प्रदेश मन्त्रालयको जिल्लास्थित कृषि हेर्ने कार्यालयका प्रमुखले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

डा. ... प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-४

(दफा १६ सँग सम्बन्धित)

**विभाग अन्तर्गत खटाईने स्नातक प्राविधिकको मासिक कार्य प्रगति प्रतिवेदन**

अवधि:

प्राविधिकको नाम: काम गरेको स्थान:

१. मासिक कार्ययोजना र उपलब्धि

| क.सं | कार्य सम्पादन सूचक | कार्य गतिविधि (Action) | अविधि (....देखि... सम्म) | छलफल तथा अन्तरक्रिया गरिएको निकाय/ व्यक्ति | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय हस्तान्तरण भएका कार्यक्रम संचालनमा सहजीकरण स्थानीय तह पालिका भेटघाट | | | | | |
| २ | वित्तीय हस्तान्तरण भएका कार्यक्रम संचालनमा सहजीकरण प्रदेश | | | | | |
| ३ | वालीनाली स्थिति र मौसमी प्रतिवेदन संप्रेषण | | | | | |
| ४ | कृषि उपज बजार मूल्य संकलन र संप्रेषण | | | | | |
| ५ | स्थानीय तह कृषि शाखासँग प्राविधिक छलफल | | | | | |
| ६ | क्षमता अभिवृद्धि तालीम,गोष्ठी संचालनमा सहयोग प्रदेश | | | | | |
| ७ | कृषि सामाग्री मल बीउ आवश्यकता संकलन | | | | | |
| ८ | कृषि विमा र सहुलियत कृषि कर्जाका लागि सहजिकरण | | | | | |
| ९ | प्रगति संकलन र संप्रेषण मासिक त्रैमासिक वार्षिक | | | | | |
| १० | कृषि विभाग र प्रदेश मन्त्रालयको जिल्लस्थित कृषि हेर्ने कार्यालय प्रमुखले तोके बमोजिमको अन्य कार्यहरु | | | | | |

२ प्रदेश मन्त्रालयमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमको लक्ष्य र प्रगति विवरण

| क.सं. | बजेट खर्च उपशिर्षक | प्रदेश मन्त्रालय र प्रमुख क्रियाकलापहरू | लक्ष | | प्रगति | | प्रगति हुन नसक्नुका कारण | सञ्चालित कार्यक्रमबाट देखिएको उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| १ | | | | | | | | |

३. स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमको लक्ष्य र प्रगति विवरण

| क.सं. | बजेट खर्च उपशिर्षक | स्थानीय तह र प्रमुख क्रियाकलापहरू | लक्ष | | प्रगति | | प्रगति हुन नसक्नुका कारण | सञ्चालित कार्यक्रमबाट देखिएको उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| | | | | | | | | |
| | | | | | | | | |

नामथर:

पद:

दस्तखत:

मिति:

डा. गोविन्द प्रसाद शर्मा
सचिव